# संघीय संसद

# राष्ट्रिय सभा

## पन्ध्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य मुख्य कामकारबाहीको सङ्क्षिप्त विवरण

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८० साल माघ २२ गते सोमबार अपराह्न ४:०० बजे प्रारम्भ भई २०८१ साल बैशाख २ गते आइतबारसम्म जम्मा ७० दिन चालु रह्यो। यस अवधिमा २० वटा बैठक बसी जम्मा ४७ घण्टा १६ मिनेट सभाको काममा व्यतीत भयो।

यस अधिवेशन अवधिमा ७ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा ३९ जना माननीय सदस्यहरूले ५३ मिनेट समय उपयोग गर्नुभएको थियो भने ६ वटा बैठकमा विशेष समय रहेको थियो।विशेष समयमा ४२ जना माननीय सदस्यहरूले ७ घण्टा ५७ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशनका २ वटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो। प्रादेशिक सरोकार समयमा १९ जना माननीय सदस्यहरूले २ घण्टा ३९ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशको एउटा बैठकमा आकस्मिक समय रहेको थियो। आकस्मिक समयमा ६ जना माननीय सदस्यहरूले १८ मिनेट समय उपयोग गर्नुभएको थियो।

यसै अवधिमा सभाले एक तिहाई सदस्यको विदाई गरी नवनिर्वाचित एक तिहाई सदस्यलाई सभामा स्वागत गरेको छ । यसै अधिवेशन अवधिमै रिक्त रहेका सभाको अध्यक्ष र उपाध्यक्ष पदमा निर्वाचन गरी राष्ट्रिय सभाको अध्यक्षको पदमा माननीय सदस्य नारायण प्रसाद दाहाल र उपाध्यक्षको पदमा माननीय सदस्य विमला घिमिरेलाई निर्वाचित गरेको छ ।

यस अधिवेशन अवधिमा सभाले राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० लाई पारित गरेको छ । यसै अवधिमा आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल भई सदस्यहरुले सुझाव समेत दिनु भएको छ ।

यसै अधिवेशनमा सभाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० स्वीकृत गरेको थियो ।

यसैगरी यसै अधिवेशन अवधिमा राष्ट्रिय सभामा उत्पत्ति भएको अनुगमन तथा मूल्याङ्कन विधेयक, २०८० लाई दुवै सभाबाट पारित गरी प्रमाणीकरण भएको छ भने यसै सभामा उत्पत्ति

भएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक दुवै सभाबाट पारित गरी प्रमाणीकरणका लागि प्रमाणित गर्ने चरणमा रहेको छ । यसका अतिरिक्त प्रतिनिधि सभामा उत्पत्ति भएको सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० दुवै सभाबाट पारित भई प्रमाणीकरण समेत भएको छ ।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभामा दर्ता भएको सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने सभाको पाँचौं अधिवेशन अवधिमा दर्ता भएको अध्यागमन विधेयक, २०७६ लाई नेपाल सरकारको माग बमोजिम सभाले २०८० फागुन १४ गतेको बैठकबाट फिर्ता गरेको थियो।

यसैगरी, राष्ट्रिय सभामा उत्पति भएका शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० र विधायन सम्बन्धी विधेयक, २०८० सभाले पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाइएका छन् ।

यसै अधिवेशन अवधिमा सभा अन्तर्तगका विषयगत समितिहरुमा तथा संसदीय सुनुवाई समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा सभाले माननीय सदस्यहरूको नाम हेरफेर तथा मनोनयन गरेको छ ।

यसैगरी माननीय सदस्य दिलकुमारी रावल थापा 'पार्वती' प्रस्तावक र ९ जना माननीय सदस्यहरू समर्थक भई दर्ता भएको मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नु पर्ने सम्बन्धी र माननीय सदस्य कमला पन्त प्रस्तावक र २० जना माननीय सदस्यहरु समर्थक भई दर्ता भएको निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चितता समवन्धी दुई वटा संकल्प प्रस्तावहरु माथि सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको र संकल्प प्रस्तावका विषयहरुको कार्यान्वनयका लागि नेपाल सरकारलाई निर्देशन समेत भएको छ ।

यसै अधिवेशन अवधिमा सभाध्यक्षबाट निम्न विषयमा रुलिङ्ग भएका थिए:

- मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुनहरु निर्माण गर्ने सम्बन्धी" संकल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतका आधारमा मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन आगामी २०८१ असोज ३ गतेसम्म बनाई सक्न विधेयकहरूको मस्यौदा तयार गरी जतिसक्दो छिटो संसदमा पेस गर्न सभाको सम्वत् २०८० फागुन ११ गतेको बैठकबाट सरकारलाई निर्देश भएको,

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्द्वको अवस्था अध्ययन प्रतिवेदन, २०८० का सम्वन्धमा सम्वत् २०८० चैत्र ७ गतेको बैठकमा भएको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरू र सो सम्बन्धमा वन तथा वातावरण मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा प्रतिवेदनमा समावेश भएका सुझावहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देश भएको,

- माननीय सदस्यहरूले प्रादेशिक सरोकार समयमा उठाउनु भएका विषयहरुका सम्बन्धमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५क को उपनियम (३) को व्यवस्था बमोजिम सम्बन्धित मन्त्रीले सभामा उपस्थित भई जवाफ दिन सम्वत् २०८० चैत्र १६ गतेको बैठकबाट नेपाल सरकारलाई निर्देश भएको,

- तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० का सम्बन्धमा सम्वत् २०८० चैत्र १६ गतेको बैठकमा भएको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरू र सो सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा प्रतिवेदनमा समावेश भएका सुझावहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देश भएको,

- "निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चितता सम्बन्धी" संकल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतका आधारमा सबै नागरिकको उपचारमा सहज पहुँच स्थापित गर्दै संकल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनको लागि नेपाल सरकारलाई निर्देश गरेको साथै संकल्प प्रस्तावमा उल्लेखित विषयहरूको अनुमगन गर्न सम्बन्धित विषयगत समितिहरूलाई निर्देश भएको।

यसै अधिवेशन अवधिमा विकास, आर्थिक मामिला तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७९/८० र नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८०, विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७९/८०, स्थानीय तहको कानुन निर्माण प्रक्रिया एवं अभ्यास सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन एवं अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, २०८० र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन, २०८०, सार्वजनिक नीति तथा प्रत्यायोजित व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७९/८० सभामा पेस गरिएका थिए ।

यसैगरी संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन, २०८० र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८० सभामा पेश भई उक्त प्रतिवेदनहरुमाथि सभामा छलफल गरी प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाबाट निर्देश समेत भएको छ ।

यस अधिवेशन अवधिमा लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभाका सदस्यहरूको तर्फबाट “निर्वाचन क्षेत्र (प्रदेश) विकास निर्माण, शान्ति सुव्यवस्था लगायत कार्यहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कन प्रतिवेदन, २०८०” सभामा पेस भएको थियो ।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काले सभाको शून्य र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमाथि सभामा जवाफ दिनु भएको थियो ।

यस अवधिमा संवैधानिक व्यवस्था अनुसार यस अधिवेशनमा देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका थिए:

१. लोक सेवा आयोगको चौसट्ठिऔं वार्षिक प्रतिवेदन, २०७९/८० र

२. राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७९/८०

यस अधिवेशन अवधिमा पूर्व मन्त्री एवं संविधान सभा सदस्य माननीय केशव कुमार बुढाथोकी र प्रतिनिधि सभा सदस्य माननीय मन्जु शर्मा अन्सारीको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको थियो।